# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा

मधेश प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः– ६ संख्याः–१० मितिः– २०७९/०४/१५ गते


भागः– १

## पर्सागढी नगरपालिका स्वास्थ्य सेवा ऐन, २०७८

**प्रस्तावना:**

नेपालको संविधान को धारा ३५ ले नागरिकलाई सुनिश्चित गरेको स्वास्थ्य सम्बन्धी हक कायम गराउदै अनुसूचि -८ र अनुसूचि -९ एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.जबाट पर्सागढी नगरपालिकाले पाएको अधिकार प्रयोग गरी नगरपालिकाको क्षेत्र भित्र र समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवामा सवैको पहुँच कायम गर्न पर्सागढी नगरपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायमा व्यापक सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास विस्तार गर्न, गराउन वाञ्छनीय भएकाले

नेपालको संविधान को धारा २२६ को (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पर्सागढी नगरपालिकाको नगर सभाबाट **पर्सागढी नगरपालिका स्वास्थ्य सेवा ऐन, २०७८** पारित गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "पर्सागढी नगरपालिका स्वास्थ्य सेवा ऐन २०७८" रहेको छ ।

(२) यो ऐन पर्सागढी नगरपालिका भर लागु हुनेछ ।

(३) यो ऐन नगर सभाबाट पारित भई पर्सागढी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(१) "नगरपालिका" भन्नाले पर्सागढी नगरपालिका वुझ्नुपर्छ ।

(२) "नगर सभा" भन्नाले पर्सागढी नगरपालिकाको नगर सभालाई वुझ्नुपर्छ ।

(३) "कार्यपालिका" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका वुझ्नुपर्छ ।

(४) "प्रमुख" भन्नाले पर्सागढी नगरपालिका नगर प्रमुखलाई सम्झनुपर्छ ।

(५) "उपप्रमुख" भन्नाले पर्सागढी नगरपालिका उप-प्रमुखलाई सम्झनुपर्छ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पर्सागढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(७) "वडा अध्यक्ष" भन्नाले पर्सागढी नगरपालिका वडा अध्यक्षलाई सम्झनुपर्छ

(८) "कार्यपालिका सदस्य" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ । सो शव्दले नगरपालिकाको नगर प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष समेतलाई वुझाउछ ।

(९) "वडा समिति" भन्नाले पर्सागढी नगरपालिकाको वडा समितिलाई सम्झनुपर्छ ।

(१०) "शाखा" भन्नाले पर्सागढी नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न, गराउनको लागि तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ। सो शव्दले अन्य शाखा, उपशाखा, इकाईहरुलाई समेत जनाउछ।

(११) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिकाबाट सञ्चालित र नीजि क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्था बुझ्नुपर्छ। सो शब्दले नगरपालिकाको क्षेत्र भित्र स्वास्थ्य उपचारका लागि खोलिएका शुल्क लिने र नलिने सवै प्रकारका स्वास्थ्य संस्थाहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द, स्वास्थ्य चौकि, क्लिनिक, नर्सिङ्गहोम, वैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र, डाइग्नोसिस सेण्टर, रक्तसञ्चार केन्द्र आदि) समेतलाई वुझाउछ।

(१२) "स्वास्थ्य सेवा व्यावशाय" भन्नाले स्वास्थ्य उपचारको लागि चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्ने उद्योग, ओसार पसार भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य सेवा व्यावशाय वुझ्नुपर्छ।

(१३) "स्वास्थ्य सेवा प्रमुख" भन्नाले नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको स्वस्थ्य सेवा शाखा/उपशाखा/इकाईको प्रमुख कर्मचारी वुझ्नुपर्छ।

(१४) "कर्मचारी" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रविधिक तथा प्रशासनिक कर्मचारी समेतलाई वुझ्नुपर्छ। सो शब्दले नगरपालिका र मातहतमा कार्यरत कर्मचारीलाई समेत जनाउछ।

(१५) "अनुमति" भन्नाले संघीय सरकार वा प्रदेश सरकार वा नगरपालिकाले स्थायी स्विकृती प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यावशाय खोल्न दिइएको अस्थायी स्विकृतीलाई जनाउनेछ।

(१६) "स्विकृती" भन्नाले तोकिए वमोजिमको सर्त पुरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यावशायलाई संघीय सरकार वा प्रदेश सरकार वा नगरपालिकाले दिएको स्थायी स्विकृतीलाई जनाउँछ।

(१७) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउछ।

## परिच्छेद -२

## स्वास्थ्य संस्था खोल्ने अनुमति वा स्विकृती, र खारेजी सम्वन्धी व्यवस्था

### ३. आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

(१) नगरपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारको हुनेछ।

(क) सरकारी वा सामुदायिक:

सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, नगरघर क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकायहरु हुनेछन्।

(ख) निजी:

निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ:
ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड: स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. स्वास्थ्य संस्था खोल्न अनुमति, स्विकृती लिनु पर्ने:**

(१) नेपाली नागरिक, संस्था, निकाय र समुदायले सरकारी, सामुदायिक वा निजि स्वास्थ्य संस्था खोल्न र स्वास्थ्य सेवा व्यावशाय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकाले आवश्यक जाँचबुझ गर्ने र जाँचबुझ गर्दा नीजि स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य सेवा व्यावशाय सञ्चालन गर्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशाय सञ्चालन गर्ने अनुमति नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको निर्णयले र नगरपालिकाले आफै स्वास्थ्य संस्था खोल्न नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको निर्णयको आधारमा कार्यपालिकाले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको सिफारिशमा कार्यपालिकाको निर्णयले स्विकृती प्रदान गर्नेछ ।

(४) नगरपालिकाको स्वमित्वमा रहने वाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यावशाय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्ने अनुमति दिइने छैन ।

(५) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वा सर्वजनिक गुठी अन्तर्गतका स्वास्थ्य संस्था एवं स्वास्थ्य सेवा व्यावशाय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) गुठी सञ्चालन गर्न गुठी सञ्चालक सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए ट्रष्टमा कम्तीमा ७ (सात) जना सदस्य हुनु पर्ने,

(ग) आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको पुर्व स्विकृती लिनु पर्ने,

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यबाट स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशाय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट

सार्वजनिक गुठी अन्तर्गत अनुमती/स्विकृती लिइ स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यावशाय सञ्चालन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुमती/स्विकृती लिई सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यावशायहरुले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) नेपाल सरकारको प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका हाल पर्सागढी नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यावशाय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ । त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितीले १ (एक) वर्ष भित्र दर्ता नियमित गर्न/गराउन कार्यपालिकामा तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(९) स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यावशाय दर्ता तथा सञ्चालन प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

**५. अनुमति वा स्विकृती रद्ध गर्ने:**

कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायीबाट यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा नगर कार्यपालिकाले त्यस्तो कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायलाई प्रदान गरेको अनुमति वा स्विकृती नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको सिफारिशमा रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्विकृती रद्ध गर्नु अघि सफाई पेश गर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे न्यायिक निकायमा उजुरी लाग्नेछ ।

## परिच्छेद -३

## स्वास्थ्य सेवा समन्वय समिति, र नगरपालिकाको स्वास्थ्य सेवा प्रमुख सम्वन्धी व्यवस्था

**६. स्वास्थ्य सेवा समन्वय समिति:**

(१) पर्सागढी नगरपालिकाको क्षेत्रभित्र नगरपालिकाले सञ्चालन गर्ने तथा सामुदायिक, गुठी एवं निीजि सञ्चालन हुने सम्पूर्ण स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यावशायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको स्वास्थ्य सेवा समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) कार्यपालिका सदस्य मध्येवाट संयोजकले तोकेको १ जना | सदस्य |
| (ग) नगर सभा सदस्यबाट संयोजकले तोकेको १ महिला जना | सदस्य |
| (घ) स्वास्थ्य प्राविधिक मध्ये वरिष्ठ प्रविधिक १ जना | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) वैठक सञ्चालन विधि प्रकृया समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(४) सेवा सुविधा तोकिए वमोजिम हुनेछ ।

(५) उपदफा (१) अन्तर्गतका सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि पदबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ ।

**७. स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य**

स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकार अन्यत्र लेखिएको सहित देहाय बमोजिम हुनेछ ।

(१) नगरपालिका भित्रको स्वास्थ्य तथा सरसफाइ योजना एवं सेवा विस्तार र विकासको योजना तयार गर्ने,

(२) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवशायहरु सञ्चालनका लागि अनुमति, स्विकृती, स्वास्थ्य संस्था सार्ने, गाभ्ने सम्बन्धी निर्णय दिर्ने,

(३) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(४) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यावशायहरूलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउने,

(५) नगरपालिकाबाट स्थापना भएका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(६) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यावशाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(७) मानव स्वास्थ्यसँग सम्वन्धित विषयहरुको सम्वोधन गर्ने,

(८) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(९) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायसँग आवद्ध कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(१०) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्रविधिक, कर्मचारी, स्वास्थ्य स्वयमसेवक एवं स्वास्थ्य कार्यकर्ता नियूक्ती गर्नु पर्ने भएमा नगरपालिकाको करार कर्मचारी छनौट समिति मार्फत परीक्षा लिई रिक्त रहेको स्वीकृत दरवन्दीमा योग्यताक्रम अनुसार करार सूचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

(११) स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने ।

(१२) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्ने स्विकृती दिने ।

(१३) गुनासा, उजुरी, सुन्ने, सम्वोधन गर्ने

(१४) अन्य तोकिए वमोजिमका कार्यहरू गर्ने ।

**८. नगरपालिकाको स्वास्थ्य सेवा शाखा प्रमुखः**

(१) नगरपालिकामा स्वास्थ्य सेवा शाखा हेर्ने एकजना स्वास्थ्य सेवा शाखा प्रमुख हुनेछन् ।

(२) स्वास्थ्य सेवा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना निर्माण गर्ने ।

(ख) कार्यपालिका तथा नगर सभाबाट पारित ऐन कानून, नीति नियम कार्यान्वयन गर्ने, गराउन कृयशिल रहने ।

(ग) नगरपालिकाको स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशायको तथ्याङ्क अद्यावधिक गरी गराई कार्यपालिका, प्रदेश तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलब्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(च) नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवशाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना वनाई पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने गराउने ।

(छ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा कर्मचारीको पदस्थापन, सम्बन्धी कार्य गर्ने

(ज) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विदाहरू स्वीकृत गर्ने,

(झ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(ञ) नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने, गराउने,

(ट) स्वास्थ्य सेवा संग सम्बन्धीत तथा आफ्नो पदिय कार्य गर्दा कार्यपालिका, नगर सभा एवं प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने,

## परिच्छेद -४

## स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**९. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) नगरपालिकाको स्वास्थ्य संस्थाको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक स्वास्थ्य संस्थामा देहाय बमोजिमको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

**(क) नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति**

| | |
|---|---|
| १) नगर प्रमुख | अध्यक्ष |
| २) अध्यक्षले मनोनित गरेको व्यक्ती | उपाध्यक्ष |
| ३) सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ४) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ५) नगर स्वास्थ्य संयोजक वा स्वस्थ्य शाखा हेर्ने प्रमुख कर्मचारी | सदस्य |
| ६) नगर अस्पताल रहेको क्षेत्रको विद्यालयको प्रमुख एक जना | सदस्य |
| ७) स्थानीय व्यापार संघको प्रतिनिधी एक जना | सदस्य |

८) अध्यक्षबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार कम्तिमा १ महिला सहित २ जना — सदस्य

९) संवन्धित वडा कार्यालय अधिकृत वा वडा सचिव एक जना — सदस्य

१०) नगर अस्पताल प्रमुख — सदस्य सचिव

**(ख) प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति**

१) नगर प्रमुख — संरक्षक

२) सम्वन्धित वडाको वडा अध्यक्ष — अध्यक्ष

३) अध्यक्षले मनोनित गरेको व्यक्ती — उपाध्यक्ष

४) प्राथमिक स्वास्थ्य केन्द्र रहेको क्षेत्रको विद्यालयको प्रमुख एक जना — सदस्य

५) स्थानीय व्यापार संघको प्रतिनिधी एक जना — सदस्य

६) संरक्षकबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार एक जना महिला — सदस्य

७) संरक्षकबाट मनोनित वडा कार्यालय अधिकृत वा वडा सचिव एक जना — सदस्य

८) प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख — सदस्य सचिव

**(ग) स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समिति**

१) नगर प्रमुख — संरक्षक

२) सम्वन्धित वडाको वडा अध्यक्ष — अध्यक्ष

३) अध्यक्षले मनोनित गरेको व्यक्ती — उपाध्यक्ष

४) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख एक जना — सदस्य

५) स्थानीय व्यापार संघको प्रतिनिधी एक जना — सदस्य

६) संरक्षकबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार एक जना महिला — सदस्य

७) संरक्षकबाट मनोनित वडा कार्यालय अधिकृत वा वडा सचिव एक जना — सदस्य

८) स्वास्थ्य चौकी प्रमुख — सदस्य सचिव

**(घ) सार्वजनिक गुठी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति**

१) सञ्चालकहरु मध्यबाट चुनिएको — अध्यक्ष

२) सम्वन्धित वडाको समितिले तोकेको वडा अध्यक्ष वा सदस्य १ जना — सदस्य

३) नगरस्वास्थ्य सेवा समन्वय समितिले तोकेको १ जना — सदस्य

४) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख मध्य अध्यक्षले मनेनित गरेको एक जना — सदस्य

५) स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार कम्तीमा एक महिला दुई जना — सदस्य

६) सञ्चालकहरु मध्य वढीमा ४ जना (स्वास्थ्य प्रविधिक, प्रशासनिक क्षेत्र सहित) — सदस्य

७) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख प्रशासक — सदस्य सचिव

**(ङ) निजी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम जस्ता २० भन्दा वढी स्वास्थ्यकर्मीले सेवा दिने) सञ्चालन तथा व्यवस्थापन समिति**

१) सम्वन्धित संस्थाले तोके बमोजिम वढीमा ९ जना सम्मको हुनेछ ।

२) अध्यक्ष सञ्चालक मध्ये र सदस्य सचिव प्रमुख प्रशासक हुनेछ ।

३) सम्वन्धित वडा अध्यक्ष र नगर स्वास्थ्य सेवा समन्वय समितिको प्रतिनिधी पदेन सदस्य हुनेछ ।

४) स्थानीय समाज सेबी मध्य कम्तीमा एक जना समितिले मनेनित गर्नेछ ।

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल ३ (तिन) वर्षको हुनेछ ।

(३) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन स्वास्थ्य सेवा समन्वय समितिको सिफरिसमा कार्यपालिकाले गर्नेछ ।

(४) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(१) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा कार्यक्रम सञ्चालनकोलागि श्रोत साधनको पहिचान संकलन तथा प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) नगरपालिकाको नीति निर्देशन अनुसार स्वास्थ्य संस्था सञ्चालन गराउने

(ङ) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले जारी गरेका र प्रचलित कानून वमोजिम तोकिए अनुसार एवं कार्यपालिका र स्वास्थ्य सेवा समन्वय समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(च) स्वास्थ्य संस्थामा सवैले उचित र सरल तथा सहज सेवा पाउने वातावरण कायम राख्ने,

(छ) दिइएको सेवा र गुणस्तर वारे वर्षको दुइ पटक सार्वजनिक परिक्षण गराउने तथा सोको प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिमा पेश गर्ने,

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो लागु हुनेछैन ।

**११. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिले कारण सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ ।

तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**१२. स्वास्थ्य संस्था सञ्चालन कार्यविधि:**

(१) यस ऐन तथा अन्तरगतको नियमावली कार्यविधी एवं प्रचलित कानूनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिन आउने नागरिकले पाउने सेवाको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि पारित गराई नगरपालिका स्वास्थ्य सेवा समन्वय समितिको स्विकृतीमा लागु गर्नु पर्नेछ ।

(२) कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयोग पुर्‍याउनु स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति तथा अन्य सबैको कर्तव्य हुनेछ ।

**१३. नीजि, सामुदायीक तथा गुठी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायहरुले पालना गर्नुपर्ने:**

(१) कुनैपनि स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवशाय सञ्चालन अनुमती/स्विकृती लिएर मात्र सञ्चालन गर्नुपर्नेछ ।

(२) अनुमती/स्विकृती लिदा तोकिएको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

(३) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने, चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने तथा आवधिक रुपमा नगरपालिकामा वार्षिक प्रतिवेदन र लेखा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई नगरपालिकाबाट स्विकृत भए बमोजिमको न्यूनतम तलब स्केलमा नघटाई सेवा सुविधाको व्यवस्था गर्ने गराउने ।

(५) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट जारी ऐन, नियमावली तथा अन्य प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त स्वास्थ्य सेवा समन्वय समितिको निर्देशन पालना गर्ने गराउने ।

(६) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -५

## स्वस्थ्यकर्मी तथा स्वास्थ्य स्वयमसेवा सम्वन्धी व्यवस्था

**१४. स्वस्थ्यकर्मीको व्यवस्थापन**

(१) नगरपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभुत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु हुनेछन ।

(क) स्थायी:

नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(ख) करार:

स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(ग) अभ्यासकर्ता:

स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ।

(घ) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन स्वास्थ्य अभियानकर्ता

(२) स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगर पालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ।

(३) पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरुको मापदण्ड तथा योग्यता तोकिए वमोजिम हुनेछ।

**१५. स्वास्थ्यकर्मीको सेवा सुविधा:**

(१) स्थायी स्वास्थ्यकर्मी:

नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय नगरकार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मी:

प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता वमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी :

श्रोतको उपलब्धता भए निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिनेछ।

(४) अभियानकर्ता /स्वयंसेविका :

पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद -६

## कोष तथा शुल्क सम्वन्धी व्यवस्था

**१६. स्वास्थ्य सेवा विकास कोष:**

(१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा स्वास्थ्य सेवा विकास कोष रहनेछ। कोषको सञ्चालन तोकिए वमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
(ग) नगरपालिकाबाट कोषमा विनियोजन गरेको रकम,
(घ) नीजि स्वास्थ्य संस्थाबाट प्राप्त तोकिए बमोजिमको रकम,
(ङ) चन्दाबाट प्राप्त रकम,
(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**१७. स्वास्थ्य संस्था कोषः**

(१) प्रत्येक स्वास्थ्य संस्थामा एउटा कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ, :
(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,
(ख) नगर कार्यपालिकाको स्वास्थ्य कोषबाट प्राप्त अनुदान,
(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,
(ङ) अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सार्वजनिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**१८. शुल्क सम्वन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग स्वास्थ्य संस्थाले लिन सक्नेछ ।

(३) नगरपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थाबाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकौ कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि तोकिएको वाहेकका सेवा दिन नगरपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनका लागि आवश्यक शुल्क निर्धारण गरी लार्गु गर्न गराउन सक्नेछ ।

(५) उपदफा (१) वमोजिम निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्था बाहेक अन्य स्वास्थ्य संस्थामा सेवा र गुणस्तरको आधारमा शुल्क निर्धारण गरी नगरपालिकाको स्विकृतीमा लागु गरिनेछ ।

(६) विरामी तथा सेवाग्रही सग लिने शुल्क नगर कार्यपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्विकृती दिंदा उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा दश हजार रूपैयाँ देखी एकलाख रुपैयाँसम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्न सक्नेछ ।

**१९. नीजि स्वास्थ्य संस्थाले निशुल्क उपचारको व्यवस्था व्यवस्था गर्नु पर्नेः**

(१) नीजि स्वास्थ्य संस्था (नीजि लगानी रहेका अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, वैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेवटर, रक्तसञ्चार केन्द्र आदि) हरूले कुल सेवामा कम्तीमा १० प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, आदिवासी, जनजाति मधेसी, मुस्लिम दलित वा अल्पसंख्यकहरुलाई निशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइने सेवामा नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिले आधार सहित सेवाको लागि सिफारीस गर्न सक्नेछ । उक्त सिफरिसलाई प्राथमिकतामा राखेर सेवा दिनु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण नगरपालिकामा पेशगर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नगरपालिकामा पेश भएको विवरणमा अन्यथा देखिएमा पुनरावलोकन गर्न स्वास्थ्य सेवा समन्वय समितिले सम्वन्धित संस्थालाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशन संवन्धित संस्थाले पालना गर्नु पर्नेछ ।

**२०. स्वास्थ्य संस्थाको सम्पत्तिः**

(१) नगरपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति नगरपालिकाको सम्पत्ति हुनेछ । नगरपालिकाले प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचविखन गरी प्राप्त भएको रकम नगरपालिकाको स्वास्थ्य सेवा विकास कोषमा जम्मा गर्नेछ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित संस्थाहरुको सम्पत्ति संवन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर कार्यपालिकाको पुर्व स्विकृती लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न नगरपालिकाको सिफारीसमा संघीय सरकारबाट पुर्व स्विकृती लिनुपर्नेछ ।

(५) संघीय सरकारको स्विकृतीमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्विकृती बेगर, प्रदेश सरकारको स्विकृतीमा प्राप्त गरेको सम्पत्ति प्रदेश सरकारको स्विकृती वेगर र नगरपालिकाको स्विकृतीमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्विकृती बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

**२१. छुट र सुविधाः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य स्वास्थ्यको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## दरवन्दी मिलान, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

**२२. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तीः**

(१) सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नेपाल सरकारले तोके वमोजिम नगरकार्यपालिकाले निर्धारण गर्नेछ ।

(२) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनबाट पुर्ती नभएको दरवन्दीमा लोक सेवा आयोगबाट सिफारिस भई आएकाबाट पद पुर्ति हुनेछ ।

(३) सेवा आयोगबाट सफल भई सिफारिश भएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियूक्ती दिई काममा लगाउनु पर्नेछ ।

(४) उपदफा (१) उपदफा (२) अनुसार नभएमा सो कार्य नभएसम्मका लागि नगरपालिकाले करार कर्मचारी छनोट समितिको सिफारिसको आधारमा करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(५) उपदफा (४) अनुसार करारमा नियूक्ती भएको स्वस्थ्यकर्मी, कर्मचारी उक्त पदमा स्थाई पद पुर्ती भएको दिनबाट स्वत पद मुक्त हुनेछन ।

(६) स्वास्थ्य संस्थामा रिक्त करार, स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ता एवं स्वयमसेवक नियूक्ती नगरपालिकाको करार कर्मचारी छनोट समितिको सिफारिसको आधारमा हुनेछ ।

(७) उपदफा (५) अनुसार नियूक्त हुनेको योग्यता र सेवा सर्त सुविधा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(८) अन्यत्र जेसुकै लेखिएतापनि आन्तरिक श्रोत तर्फ आफ्नो क्षमता र कामका आधारमा कार्यपालिकाले तयार गरेको सेव सुविधा र सर्तहरु करारमा उल्लेख गरी करार कर्मचारी नियूक्ती गर्न सकिनेछ ।

**२३. स्वस्थ्य संस्थामा करार स्वास्थ्यकर्मी तथा कर्मचारी नियूक्ती प्रकृया :**

(१) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्तिका लागि छनोट परिक्ष सञ्चालन गरी नियूक्तका लागि सिफारिस गर्न देहाय

वमोजिमको पर्सागढी नगरपालिका करार स्वस्थ्यकर्मी तथा कर्मचारी छनौट तथा सिफारिस समिति गठन हुनेछ ।

(क) नगरपालिकाको प्रमुख प्रसासकीय अधिकृत - संयोजक

(ख) विषय विज्ञ (वढिमा ३ (तिन) जना) - सदस्य

(विषय विज्ञ भन्नाले नेपाल सरकारले तोकेका वा विषय विज्ञ वा सम्वन्धित विषयका स्थाई अधिकृत)

(ग) संयोजकले तोकेको सम्वन्धित विषय/शाखा हेर्ने प्रमुख/अधिकृत/कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) (ख) को विषय विज्ञ छनोट नगर प्रमुख स्तरिय निर्णयबाट हुनेछ । छनोट परिक्षा सञ्चालनमा समितिमा रहेको दक्षताले नपुगेमा नगर प्रमुख स्तरिय निर्णयबाट थप विज्ञहरु आमन्त्रित सदस्यको रुपमा समितिमा राख्न सकिनेछ ।

(३) करार स्वास्थ्यकर्मी तथा कर्मचारी छनोट कार्यविधी तोकिए बमोजिम हुनेछ ।

(४) छनोट समितिले करार स्वास्थ्यकर्मी तथा कर्मचारी छनोट कार्यविधी तथा प्रचलित ऐन नियम बमोजिम आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## २४. सरुवाः

(१) नगरपालिकाको भित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताको सरुवा तथा पदस्थापन सरुवा भएर जांदा र आउदा सेवग्राहिले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी तोकिए बमोजिमको प्रक्रिया अपनाई प्रमुख प्रशासकीय अधिकृतले गर्नसक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यकता र औचित्यको आधारमा नगर प्रमुख स्तरीय निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको क्षेत्र भित्र सरुवा गर्न सक्नेछ ।

## २५. वढुवाः

वढुवा सम्वन्धि व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## २६. कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२७. अन्य काममा लगाउन नहुने:

(१) चिकित्सक, चिकित्सा सहायक एवं सहयोगी तथा सो संग सम्वन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

२८. तलब भत्ता नपाउने र सेवा अवधी गणना नहुने:

नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र दफा २७. को उपदफा (२) बमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थमामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताले अनुपस्थित अवधीको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधी सेवामा गणना समेत हुनेछैन ।

## परिच्छेद -८
## पदिय आचरण, दण्ड सजाय र पुनरावेदन

२९. पदीय आचरण तथा अन्य व्यवस्था:

(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई पदबाट हटाउन प्रमुख प्रशासकीय अधिकृतले कारण सहित नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिमा सिफारिस गर्नेछ । स्वास्थ्य सेवा समन्वय समितिले उक्त सिफारिशलाई सदर गरेमा उक्त व्यक्तिलाई सेवाबाट बर्खास्त गर्न सकिनेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा,

(ग) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा,

(च) राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**३०. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सबैको कर्तव्य हनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुनेछ । भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुनेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

**३१. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय तोकिए बमोजिम हुनेछ ।

**३२. स्थायी आवासीय अनुमति लिन नहुने:**

नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नकोलागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवाबाट वर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३३. दण्ड सजाय:**

(१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यावशायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य सेवा समन्वय समितिको सिफारीसमा कार्यपालिकाले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

(क) उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

३४. पुनरावेदन:

कार्यपालिका तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

३५. अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने:

(१) दफा (२३) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुन:बहाली भएको मितिसम्मको पुरा तलब ,भत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउने भए सो समेत पाउनेछ ।

परिच्छेद: -९

औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

३६. वार्षिक खरिद योजना बनाउनु पर्ने:

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

३७. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ ।

३८. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण :

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे वमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्वन्धित सामुदायकि स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद -१०
## विविध

**३९. प्रगति विवरण बुझाउनु पर्ने :**

(१) नगरपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले माशिक, चौमाशिक अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) नीजि स्वामित्वका स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेंदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) (२) मा जेसुकै उल्लेख भएपनि नगरपालिकाको तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ ।

**४०. नियम बनाउने :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित स्वास्थ्य सेवा नियमावली, कार्यविधी बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनका लागि नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई कार्यपालिकाबाट पारित गरेर लागु गर्न सक्नेछ ।

(३) कार्यपालिकाले समग्र स्वास्थ्य क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्नसक्नेछ ।

**४१. संक्रमणकालीन व्यवस्था :**

यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली कार्यविधी नआएसम्म कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

**४२. बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ । उक्त आदेश त्यसपछी हुने नगर सभाले अनुमोदन गरेको हद सम्म कायम रहनेछ ।

**४३. संसोधन :**

(१) यस ऐनको संसोधन एवं खारेजी कार्यपालिकाको प्रस्तावमा नगर सभाले गर्न सक्नेछ ।

(२) संसोधन वा खारेजी नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**४४. बचाउ र लागु :**

(१) यो ऐन र अन्तर्गत बनेका नियमावली कार्यविधीमा लेखिएजति कुरामा सोही बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा बझिन गएका यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वत: खारेज हुनेछ ।

**४५. यसै अनुसार हुने:**

(१) यसअघि भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

(२) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयमसेवकहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

*प्रमाणित मिति २०७८/०३/१३ गते*

आज्ञाले,
भरत प्रसाद यादव
नि.प्रमुख प्रशासकीय अधिकृत